सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक २६ ♦ २०८१ साल भदौ ६ गते विहिवार ♦ 22 Aug 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## डेढ महिनादेखि महोत्तरीमा क्रसर वन्द



"सम्झौता भएको कतिपय ठाउँहरुमा माल पुऱ्याउन सकिएको छैन, विना काम उधोगहरु बन्द छन । हामिले मौज्दात प्रमाणिकरण गर्न समन्वय र पालिका दुवैलाई निवेदन दिएका छौ । दुवैतर्फवाट केही भएको छैन बरु उधोगहरु बन्द हुँदा पनि सरोकारवालाहरुले चासो नदेखाउदा अवस्था गम्भीर वन्दै गएको छ ।

– सन्तोष यादव




हरेक वर्ष समन्वय समितिले व्यवसायीहरुलाई दुःख दिने काम गरिरहेको छ । यदि यसको निकास निकाल्न सकिदैन भने सिधा भन्नु पर्‍यो । प्रतिरोध गर्ने अवस्था सिर्जना नहोस ।

**– हर्क लामा**
**क्रसर उद्योग माहासंघ महोत्तरीका अध्यक्ष**



हामी छिट्टै खुलाउन गृहकार्य गरिरहेका छौ । केही कागजात अपुरो छन तिनीहरुलाई पनि ल्याउन हामीले पत्राचार गरेका छौ । जति चाडो कागजात उपलब्ध हुन्छ त्यति नै चाडो हामि उधोग हरु खोल्ने छौ ।

**– सुमनलाल कर्ण**
**जिल्ला समन्वय समिति संयोजक**




महोत्तरीमा डेढ महिनादेखि नदीजन्य पदार्थ क्रसिङ्ग तथा वासिङ्ग गर्ने उधोगहरु बन्द हुँदा तीन दर्जन भन्दा बढी निर्माण योजनाहरु अलपत्र परेका छन् ।

जिल्ला समन्वय समितिले आवस्यक पर्ने कागजातहरु पेश गर्न नसकेको कारण देखाउदै जिल्लामा संचालनरत सवै उधोगहरु बन्द गरेपछि ढुंगा, गिटी र वालुवामा चरम अभाव सिर्जना भएको हो ।समन्वय समितिले बन्द गर्नुको मुख्य कारण स्टक प्रमाणीकरणलाई देखाउदै सम्बन्धित पालिकाहरुले संचालनरत क्रसर र वासिङ्ग सेन्टरहरुको प्रमाणिकरण गर्नुपर्ने अडान राखेको छ । यसै क्रममा गौशाला नगर पालिकाले प्रमाणीकरण गरेर रिपोर्ट समन्वय समितिलाई वुझाएतापनी भंगाहा र बर्दिवास नगरपालिकाले भने प्रमाणीकरण गर्न कुनै कानुनी आधार नभएको भन्दै अस्विकार गरेका छन्।

यही विषयमा समन्वय समिती र स्थानिय सरकारको मत वाझिदा उधोगहरु चेपुवामा परेका हुन् ।

ञबर्दिवास नगर क्षेत्रमा संचालनरत केही क्रसर उधोगहरुसगँ जलेश्वरमा संचालनरत योजनाहरुको लागि आवस्यक ढुंगा, गिटी, वालुवा उपलब्ध गराउने पुर्व सम्झौता भएको थियो । 'ठेक्केदार बिकास भगतले भने । ञसमन्वय समितिले रोकेको नै कारणले भुक्तानी समेत पाउन सकिएको छैन । डेर महिना अगाडि सक्ने योजना डेर महिना पछाडी धकेलिएको छ ।'

जिल्लामा बिशेषगरी भंगाहा, गौशाला र बर्दिवास क्षेत्रमा झण्डै ४१ वटा क्रसर तथा वासिङ्ग सेन्टरहरु संचालनरत छन् । उधोगहरुमा काम गर्ने ६ सय भन्दा बढीको रोजगार समेत गुम्ने अवस्था सिर्जना भएको उधोग संचालकहरुको गुनासो छ ।

सुवदिप गिटी, वालुवा उधोगका संचालक सन्तोष यादवले यो सवैको मुख्य जिम्मेवारी समन्वय समितिले नै लिनुपर्ने वताए । 'सम्झौता भएको कतिपय ठाउँहरुमा माल पुऱ्याउन सकिएको छैन, विना काम उधोगहरु बन्द छन ।उनले भने , 'हामिले मौज्दात प्रमाणिकरण गर्न समन्वय र पालिका दुवैलाई निवेदन दिएका छौ । दुवैतर्फवाट केही भएको छैन बरु उधोगहरु बन्द हुँदा पनि सरोकार वालाहरुले चासो नदेखाउदा अवस्था गम्भीर वन्दै गएको छ ।'

अघिल्लो बर्ष पनि समन्वय समितिले विभिन्न कारण देखाएर डेर महिना उधोगहरु बन्द गरेको थियो । प्रमाणिकरण गरेर वेच्न पाउने मुख्य आधार वनाएतापनी सम्बन्धित

बाँकी पृष्ठ ३ मा



# बर्दिवासमा तिज फेस्टिवल म्युजिकल इभेन्टस २०८१ आयोजना हुने

**खबर दर्पण समाचारदाता**

**भदौ ५ गते, बर्दिवास**

आसन्न तीजलाई मध्यनजर गर्दै महोत्तरीको बर्दिवासमा तिज फेस्टिवल एण्ड म्युजिकल इभेन्टस २०८१ आयोजना हुने भएको छ ।

शारदा इभेन्टस नेपालले आयोजना गरेको उक्त इभेन्टसको औपचारिक अडिसन ११ भदौमा गौतम होटल बर्दिवासमा हुने आयोजक पक्षले जनाएको छ ।

अडिसनमा छनोट भएका प्रतियोगीहरुलाई हप्ता दिनको तालिम सहित ग्राण्ड फिनालेमा सहभागी गराईने इभेन्टसका निर्देशक साईमन थापाले वताए । तालिम अवधीमा व्यक्तित्व विकास तथा महिला शशक्तिकरण सम्बन्धि थप अभिमुखीकरण दक्षता समेत प्रदान गर्ने निर्देशक थापाको भनाई छ ।

'बर्दिवास भित्रका महिलाहरुको समुहवाट अडिसन गरि छनोट गरिएका समूहहरुलाई हप्ता दिनसम्म व्यक्तित्व विकास लगायत क्याटवाक र मोडलिङ्ग सम्बन्धि थप तालिम पनि दिनेछौं ।' उनले भने । 'सहभागीहरुलाई बर्दिवासका विभिन्न ऐतिहाशिक, सांस्कृतिक तथा धार्मिकस्थलहरुमा भ्रमण गराईनेछ ।'

ग्राण्ड फिनालेवाट विजेता वन्नेलाई ५० हजार नगद पुरुस्कार सहित १ लाख बराबर को शैक्षिक छात्रवृति इभेन्टका शैक्षिक पार्टनर शारदा एजुकेसन पार्कले प्रदान गर्ने व्यवस्थापक सुमित दत्तले जनाएका छन् ।

कार्यक्रम अवोलोकन गर्नेहरुका लागि टिकट समेत निर्धारण गरिएको छ ।

टिकटवाट संकलित रकमको २० प्रतिशत हाम्रो माया घर निर्माणार्थ सहयोगमा खर्चिने इभेन्टसका प्रमुख रश्मि दत्तले जानकारी दिईन ।





**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**बर्दिवास नगरपालिका, महोत्तरी**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**गौशला नगरपालिका, महोत्तरी**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**लोहारपट्टी नगरपालिका, महोत्तरी**

**सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**बलवा नगरपालिका, महोत्तरी**

**सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**औरही नगरपालिका, महोत्तरी**




# नारी स्वतन्त्रतालाई चित्रमा उतार्दै मिथिला चित्रकार





सुनिता बराल

**भदौं ५ गते, बर्दिवास**

घुम्टोमा बस्दा झेल्नुपरेको अप्ठ्यारो र परिवारमा खेप्नु परेको पीडाबाट मुक्ति चाहेकी जनकपुरकी मधुमाला मण्डल अहिले स्वतन्त्र जीवन बिताइ रहेकी छन् । सानैदेखि भित्तामा चित्र कोर्ने अभ्यासले खारिएकी उनीसँग सुन्दर चित्र बनाउने कला छ ।

मधुमालालाई अहिले उनको हातको कलाले स्वतन्त्र जीवन जीउन मद्दत गरेको छ । १३ वर्षकै उमेरमा विवाह गरेकी उनी ५/७ वर्ष घुम्टोमा बसिन् । परिवारमा सबैलाई रिझाउने प्रयास गर्दागर्दै पनि पारिवारिक यातनाले स्वतन्त्र हुने बाटो खोज्ने क्रममा चित्र कोर्न पुगेको उनी सुनाउँछिन् । 'घुम्टोबाट निस्किएपछि देखेको बाहिरी संसार स्वर्ग जस्तै लाग्छ,' मधुमालाले भनिन्,'कुनैबेला घुम्टोभित्रबाट देखिने एक चोक्टो धर्तीनै मेरो संसार थियो । ३२ वर्षदेखि मिथिला चित्रकला कोरि रहेकी मधुमाला प्राकृतिक रंग बनाएर कसरी चित्र रंग्याउन सकिन्छ भन्ने सिकिरहेकी छन् ।



जनकपुरमा ५ दिनको तालिम आयोजना गरी शिवातालभ फाउन्डेसनले मिथिला चित्रकलाकर्मीलाई प्राकृतिक रंग बनाउने र प्रयोग गर्ने तरिका सिकाएको छ । तालिमको दौरानमा १५ जना चित्रकारले नारी स्वतन्त्रतालाई मुख्य विषय बनाएर मिथिला चित्र बनाएका शिवातालभ फाउण्डेसनकी अध्यक्ष रागिनी उपाध्यायले बताइन् । चित्रकारले प्रायः आफ्नो जीवनमा गरेको संघर्षबाट मिलेको स्वतन्त्रतालाई चित्रमा उतारेका छन् । मधुमालाले चित्रमा महिला शक्तिशाली छन् भन्ने देखाउन डोजर चलाउँदै गरेको चित्र कोरेको बताइन् ।

मधेशमा घुम्टोमा बस्ने धेरै महिला स्वतन्त्रताको संघर्षपछि अब विभिन्न स्थानमा पुगेर उदाहरण बनिसकेको उनले सुनाइन् । चित्रका माध्यमबाट महिलालाई स्वतन्त्र हुन र बाहिरी संसारमा आफ्नो लक्ष्य लिएर अघि बढ्न प्रेरित गर्ने उद्देश्यसहितका चित्र आफुले बढी बनाउने गरेको मधुमाला बताउँछिन् । मिथिला चित्र बनाएरै देशका धेरै भूभाग र बैदेशिक यात्रमा अमेरिकासम्म पुगिसकेको मधुमालाले सुनाइन् । 'घुम्टो नउठाएको भए चित्र कोर्ने र देशविदेश घुम्ने अवसर मिल्ने थिएन,' उनी भन्छिन्, 'मेरो चित्रको तारिफ अमेरिकाका राजदूतले पनि गरे, अमेरिकामा लगेको चित्र तीन सय डलरमा बेचे ।'

मिथिला चित्र बनाउने क्रममै जनकपुरकी अर्की चित्रकार रुबी पाठकले मिथिलाका राजा जनककी छोरी सीतालाई आफ्नो पात्र बनाएकी छिन् । महिला कसरी स्वतन्त्र हुन सक्छन् भन्ने विषयमा मिथिलाकी छोरीलाई धेरैले भगवान् मान्छन् भने मिथिलाका हरेक नारी सीता बन्ने लक्ष्य लिएर स्वतन्त्र हुँदै अघि बढ्नुपर्ने आफ्नो चित्रको सन्देश भएको पाठकले बताइन् । मिथिला चित्रकलामा मिहिनेत गरे भविष्य निकै राम्रो रहेको पाठकको अनुभव छ । ८ वर्षदेखि चित्रकलालाई नै पेशा बनाएकी पाठकले यो पेशाबाट आफु निकै सन्तुष्ट भएको बताइन् । पछिल्लो समय मिथिला चित्रकला भित्तामा लगाउने मात्रै नभई हरेक सजावट र सामग्रीमा समेत प्रयोग हुन र कोर्न थालिएकाले यसमा लाग्नेको भविष्य सुन्दर रहेको पाठकले बताइन् ।

२५ वर्षको उमेरदेखि मिथिला चित्रकला बनाइरहेकी पानो दासले मिथिला चित्रमा आफ्नो ३० वर्षको अनुभव बटुलेकी छिन् । उनी मिथिला चित्र बनाउने र देशविदेशमा पठाउने संस्था महिला विकास जनकपुरकी अध्यक्ष पनि हुन् । जनकपुर १३ घरभएकी दासले आफ्नो संस्थामा अहिले २० जना मिथिला चित्रकारले चित्रकलाको काम गरिरहेको बताइन् । लामो समयको अनुभव र सीप भएका चित्रकला कोर्ने व्यक्ति सबै महिला छन् । स्वतन्त्रताको संघर्षपछि आफ्नो कलालाई सुन्दर बनाएर निकै मेहनत गरी नाम र पैसा कमाई परिवारको जिम्मेवारी समेत महिलाले उठाइरहेका दासले बताइन् ।

जीवनमा हार खाएर बसेका धेरै महिलालाई महिला विकासले सीप सिकाएर रोजगारी नै दिएको चित्रकारहरू बताउँछन् । जनकपुर १२ घरभएकी ५६ वर्षकी राजकुमारी मण्डल सानै उमेरमा पोलियोको कारण शारिरीक रूपमा अशक्त बनिन् । तर महिला विकासमा उनी अहिले राम्रो चित्रकारको रूपमा स्थापित छिन् । परिवार र समाजको अपहेलनापछि निरास भएको आफुलाई चित्रकलालेनै जिउने शक्ति दिएको राजकुमारी बताउँछिन् । चित्रकलाकै माध्यमबाट कमाएर घर चलाउने, छोराछोरी पढाउने जिम्मेवारी पूरा गरेको उनले सुनाइन् । २५ वर्षअघि चित्रकला सिकेकी राजकुमारीले आफ्ना संघर्षलाई प्राय चित्रमा उतार्ने गरेको बताइन् ।

पछिल्लो समय मिथिला चित्रकलाको माग बजारमा बढ्दो छ । लगाउने कपडा, ओड्ने गम्छा, तौलिया, भित्ते चित्रकला र घर, कार्यालयमा प्रयोग हुने सामग्री समेतमा मिथिला चित्र कोर्न र छाप्न थालिएकाले चित्रकलाको स्तरीयता र फरकपन पनि थप्दै लानुपर्ने शिबातालभ फाउण्डेसनका सचिव रामपुजन ठाकुरले बताए । घर आगनमा पाइने सिमिको पात, चुकुन्दर, गोबरलगायतबाट बन्ने प्राकृतिक रंगको प्रयोग गरेर पनि मिथिलाकला क्षेत्रमा फरकपन ल्याउन सकिन्छ भन्ने उद्देश्यले भारतबाट प्रशिक्षक ल्याएर कलाकर्मीलाई फरकपनको तालिम दिएको उनले बताए । तालिमको विषयवस्तु महिला स्वतन्त्रता भएकाले महिलाहरू प्रायले आफ्नै स्वतन्त्रताको यात्राको कथा चित्रमा उतारेका उनले बताए ।-कान्तिपुर

# डेढ महिनादेखि महोत्तरीमा क्रसर...

निकायले प्रमाणिकरण नगरेपछी समन्वय समितिले व्यवसायीहरुले गरेको स्वघोषणालाई उक्त समयमा स्विकार गरेको थियो ।

'हरेक वर्ष समन्वय समितिले व्यवसायीहरुलाई दुःख दिने काम गरिरहेको छ । यदि यसको निकास निकाल्न सकिदैन भने सिधा भन्नु पर्‍यो ! क्रसर उधोग माहासंघ महोत्तरीका अध्यक्ष हर्क लामाले भने । 'प्रतिरोध गर्ने अवस्था सिर्जना नहोस ।' जिल्ला समन्वय समितिका संयोजक सुमनलाल कर्णले मौज्दात प्रमाणीकरण विना विक्रीवितरण गर्ने अनुमती दिदा धेरै वेथिती देखिएको हुनाले प्रमाणिकरण र स्रोत पहिचानलाई प्रधान वनाएको वताए । ञस्थानिय सरकारले नगरेका ठाउँहरुमा हामी आफै गर्ने गृहकार्य गरिरहेका छौ । उनले भने, 'व्यवसाय बन्द गर्ने हामीलाई चाहिँ काँहा रहर हो र ?' व्यवसायलाई कसरी सम्मानित वनाउने भन्ने विषयमा आफू लागिरहेको संयोजक कर्णको भनाई छ ।

तर समयमा नै उधोगहरु खोल्न नसक्दा व्यक्तिगत घर निर्माणमा समेत समस्या सिर्जना भएको छ ।'नदीजन्य पदार्थ बर्दिवासवाट नपाएपछी धनुषाको नक्टाझिजवाट मगाएर । निक्कै महँगो तिर्नु पर्‍यो ।' स्थानीय सरोज यादवले भने ।'प्रक्रियागत विषयहरु टुंग्याएर छिटो निकास निकाल्नु पर्छ ।'


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# अनसनको कुनै औचित्य छैन : मुख्यमन्त्री सिंह



**खबर दर्पण समाचारदाता**
**भदौ ५ गते, बर्दिवास**

मुख्यमन्त्री सतीशकुमार सिंहले अनसनको कुनै औचित्य नरहेको बताएका छन् । उनले भने, 'अभियन्ताहरुले प्रदेश सरकार लाई साउन २७ गते एक सूत्रीय माग राख्दै ज्ञापनपत्र बुझाएपछि त्यसको साउन ३० गते मन्त्रि परिषद्को बैठकद्वारा संघीय सरकारलाई अभियन्ताहरुको मागका बारेमा ध्यानाकर्षण गराइसकेको स्थितिमा सामूहिक आमरण अनसन थाल्नु कुनै औचित्य छैन ।'

मुख्यमन्त्री सिंहले आफूहरुले अभियन्ताहरुको मागको सन्दर्भमा प्रधानमन्त्री एवं भौतिक पूर्वाधार मन्त्रालयलाई समेत जानकारी गराइसकेको अवस्थामा अभियन्ताहरुको आमरण अनसन स्टन्ट मात्रै भएको टिप्पणी गरे ।

उनले पूरानो पुलमा मुद्दा चलि राखेको र नयाँ पुलका लागि माटो परीक्षणदेखि डिपीआर सम्मको बजेट विनियोजन, तुरुन्तै हुने होइन, यसका विधि र प्रक्रियाहरु हुन्छ, आउने प्रदेशसभामा पनि आफूहरुले यस सम्बन्धमा छलफल गराउने पक्षमा रहेको अवस्थामा आन्दोलन थाल्नु कुनै अर्थ नभएको प्रस्ट्याए ।

उनले अभियन्ताहरुले सात दिनको अल्टिमेटम दिएको संवेदनशीलतालाई ध्यानमा राखेर नै प्रदेश सरकारले प्राविधिक टोली त्यसतर्फ अध्ययनका लागि लैजाने तयारी गरिरहेको अवस्थामा आन्दोलन थाल्नु सान्दर्भिक नरहेको टिप्पणी गरे ।

सिरहा जोड्ने कमला नदीमा नयाँ पुल निर्माणको माग गर्दै इन्जिनियरदेखि जनप्रतिनिधिसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि आमरण अनसन सुरु गरेका छन् ।

सिरहा नगरपालिकाका इन्जिनियर प्रवीणकुमार यादवको अगुवाइमा सिरहा नगर पालिका र औरही गाउँपालिकाका १० जना जनप्रतिनिधि तथा स्थानीयवासी सामूहिक आमरण अनसन थालेका छन् । बाढीले भत्काएको निर्माणाधीन पुलमा अनेकन प्राविधिक त्रुटि रहेको र सो पुलमा मुद्दा पनि चलिरहेको भन्दै मधेश प्रदेश सरकारसंग नयाँ पुल निर्माणको माग्दै सामूहिक आमरण अनसन मंगलबारदेखि थालेका छन् ।

# आमरण अनशन बसेका तीनजनाको स्वास्थमा समस्या



हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषाको सीमा जोड्ने कमला नदीको पुल निर्माणको माग गर्दै आमरण अनशन बसेका तीनजनाको स्वास्थ्यमा समस्या भएको छ । मंगलबार दिउँसो आमरण अनशन बसेका अनशनकारी औरही गाउँपालिका वडा न. ३ का वडा अध्यक्ष जिवछ यादव, सिरहा नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष मोहम्मद समशाद आलम र सिरहा पुस्तकालयका कार्यवाहक अध्यक्ष भोगेन्द्र साह अस्वस्थ भएका हुन् ।

मंगलबार मधेशको मुख्यमन्त्री कार्यालय अगाडि पुल निर्माण संघर्ष समिति संयोजक इन्जिनियर प्रविण यादवको नेतृत्वमा दशजना युवा दिउँसो १ बजेदेखि आमरण अनशन बसेका हुन् ।

अनशन बस्नेमा संयोजक यादब बाहेक सदस्य भोगेन्द्र साह, सिरहा नगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष इन्द्रजित यादव, वडा नम्बर ४ का वडा अध्यक्ष मोहम्मद समशाद आलम, सिरहाको औरही गाउँपालिका वडा नम्बर ४ का वडाअध्यक्ष सुरेन्द्र कुमार यादव, औरही -३ वडा अध्यक्ष जिवछ यादव ,सनातन हिन्दु परिषद नेपालका अध्यक्ष मनिष कुमार यादव, इन्जिनियर शैलेस यादव, सिरहा नगरपालिका वडा नम्बर ८ का वडा सदस्य इन्जिनियर रुपेश यादव र इन्जिनियर शिवशंकर यादव लगायत छन् ।

# बिहेको चार महिना नबित्दै श्रीमतिको हत्या

**खबर दर्पण समाचारदाता**
**भदौ ५ गते, बर्दिवास**

महोत्तरीमा बिहे भएको चार महिना नबित्दै श्रीमानले श्रीमतिको हत्या गरेको खवर बाहिरिएको छ ।

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका वडा नम्बर ८ रमौलस्थित स्थानीय मोहन राउतको छोरा बर्ष २४ को रोहन राउतले आङ्गा नै श्रीमति बर्ष १९ की रिना राउतलाई घाँटी थिचेर हत्या गरिएको बताईएको छ ।

राउतले श्रीमतिको परिवारसँग दाईजो मागेको र नदिएको कारण घाँटी थिचेर हत्या गरिदिएको स्थानीयहरु बताउँछन् ।

यद्यपी, श्रीमान श्रीमतिबीच कुनै कुरालाई लिएर झगडा हुँदा आवेगमा आएर रोहनले घाँटी थिचेर मारिदिएको प्रहरीका प्रारम्भिक जानकारी छ ।

महोत्तरीको सोनमा घर भएकी रिनालाई दाईजोको कारण मारि दिएको परिवारजनको आरोप छ । यस विषयमा थप विवरण आउन बाँकी छ ।





**सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**भंगहा नगरपालिका, महोत्तरी**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**सोनमा गाउँपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,